# सञ्चय कोष

ई-न्यूजलेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष १० । अंक ४१ ।


२०७९ माघ-चैत्र


# विभिन्न संस्थासँग उपदान तथा निवृत्तभरण योजनामा सम्झौता

उपदान तथा निवृत्तभरण योजनामा आबद्ध हुने सार्वजनिक संस्थाको संख्या बढ्दै गएको छ । कोषलाई सञ्चालनको जिम्मेवारी प्रदान गरिएको यो योजनामा शुरूमा स्थायी नियुक्त हुने निजामती सेवा, नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी वल, नेपाल र नेपाल विशेष सेवाका कर्मचारीहरू मात्र आवद्ध थिए । पछि नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तर) को मिति २०७७ साउन १८ गते निर्णय अनुसार २०७६ श्रावण १ पछि नियुक्त कर्मचारीहरूको निवृत्तभरण तथा उपदानलाई योगदानमा आधारित बनाउन संस्थान, बोर्ड, कोष, कम्पनी, समिति लगायतका संगठित संस्थाको कर्मचारीको अवकाश कोष सम्झौता गरी कर्मचारी सञ्चय कोषबाट संञ्चालन गर्ने व्यवस्था गरियो । सोसँगै कोषले विभिन्न सार्वजनिक संस्थासँग सम्झौता गर्दै आएको छ । यसै क्रममा आ.व. २०७९/८० को तेस्रो त्रैमासमा विभिन्न संस्थासँग सम्झौता सम्पन्न गरियो ।

## मध्यमपश्चिम विश्वविद्यालयसँग सम्झौता

कोष र मध्यपश्चिम विश्वविद्यालयबीच कार्यरत कर्मचारीहरूको उपदान तथा निवृत्तभरण व्यवस्था सम्बन्धमा फागुन १५ मा एक सम्झौता सम्पन्न भयो । यससँगै अब त्यहाँ रहेका शिक्षक तथा कर्मचारीहरु कोषले सञ्चालन गरेको उपदान तथा निवृत्तभरण योजनामा आबद्ध हुनेछन् ।



विश्वविद्यालयका उपकुलपति प्रा.डा. नन्द बहादुर सिंहको उपस्थितिमा कोषको तर्फबाट का.मु. मुख्य प्रबन्धक महेशप्रसाद खनाल र विश्वविद्यालयको तर्फबाट रजिष्ट्रार प्रा.डा. नारायण प्रसाद पौडेलले सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको थियो । यो सम्झौतासँगै अब सो कार्यालयका करिब २९ जना पेन्सन योजनामा र ३४० जना उपदान योजनामा सहभागी हुनेछन् ।

उपदान योजना अन्तर्गत शिक्षक तथा कर्मचारीको तलबबाट मासिक रूपमा १० प्रतिशत र सोही अनुपातमा विश्वविद्यालयले रकम कट्टी गरी कोषमा सम्बन्धित शिक्षक र कर्मचारीको व्यक्तिगत खातामा जम्मा हुनेछ भने सोही अनुरूप कोषले सम्बन्धित शिक्षक र कर्मचारीलाई तोकिएको दरमा ब्याज एवं मुनाफा प्रदान गर्नेछ ।

त्यसैगरी निवृत्तभरणको व्यवस्था अन्तर्गत सम्बन्धित शिक्षक र कर्मचारीको तलबबाट मासिक रूपमा १० प्रतिशत रकम कट्टी गरी विश्वविद्यालयले शतप्रतिशत रकम थप गरी कोषमा जम्मा हुनेछ भने कोषले सम्बन्धित शिक्षक र कर्मचारी सेवा निवृत्त र अवकाश भए पश्चात् पेन्सन प्रदान गर्ने छ ।

उक्त सम्झौता हस्ताक्षर कार्यक्रममा मध्यपश्चिम विश्वविद्यालयका डीन, कार्यकारी निर्देशक, प्राध्यापक, उपकुलपति सचिवालयका सदस्य तथा कर्मचारीको उपस्थिति थियो । त्यसैगरी कोषका तर्फबाट शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख रवि तामाङ लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## अपर तामाकोशी हाइड्रोपावर लिमिटेडसँग सम्झौता



कर्मचारी सञ्चय कोषले सञ्चालन गरेको योगदानमा आधारित उपदान कोष योजनामा आवद्ध हुन कोष र अपर तामाकोशी हाइड्रोपावर लिमिटेडबीच २०७९ माघ ११ मा सम्झौता भयो । यो सम्झौतासँगै अब सो कम्पनीका करिब १४० जना कर्मचारीहरु यस योजनामा सहभागी हुनेछन् ।

## मानव अङ्ग प्रत्यारोपण केन्द्रसँग सम्झौता



कर्मचारी सञ्चय कोषले सञ्चालन गरेको योगदानमा आधारित उपदान कोष योजनामा आवद्ध हुन कोष र मानव अङ्ग प्रत्यारोपण केन्द्रबीच २०७९ चैत २९ मा एक सम्झौता कार्यक्रम सम्पन्न भयो । यो सम्झौतासँगै अब सो केन्द्रका कर्मचारीहरु यस योजनामा सहभागी हुनेछन् ।

# अर्थ मन्त्रालय र प्रशासकबीच कार्य सम्पादन सम्झौता सम्पन्न






नेपाल सरकार र कोषका प्रशासकबीच कार्य सम्पादन सम्झौता (Performance Contract) सम्पन्न भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ मंसिर २० को निर्णय बमोजिम कर्मचारी सञ्चय कोषको प्रशासकको पदमा जीतेन्द्र धिताल नियुक्त भएपश्चात उक्त सम्झौता भएको हो । अर्थ मन्त्रालयमा कोष सञ्चालक समितिका अध्यक्षको रोहवरमा भएको कार्यसम्पादन सम्झौतामा कोषको उद्देश्य, दूरदृष्टि, दीर्घकालीन लक्ष्य र रणनीतिहरुका साथै पाँच वर्षको कार्यसम्पादन लक्ष्य सहितको कार्ययोजना निर्धारण गरिएको छ । कोषको आगामि ५ (पाँच) वर्षको कार्यसम्पादन लक्ष्य अन्तर्गत २४ (चौबिस) वटा परिणात्मक लक्ष्यहरु र ५४ (चौवन्न) वटा गुणात्मक लक्ष्यहरु तोकिएको छन् ।

## कोषको अध्यक्षमा डा. घिमिरे नियुक्त



कोषको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव (राजश्व) डा. राम प्रसाद घिमिरे नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ माघ ४ गते को निर्णय अनुसार कोषको अध्यक्षमा अर्थमन्त्रालयका सचिव (राजश्व) घिमिरेले माघ १५ गते अर्थ मन्त्रालयमा आयोजित शपथ ग्रहण कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनु भयो । यस अघि तत्कालिन अर्थ मन्त्रालयका सचिव (राजश्व) कृष्णहरि पुष्कर कोष सञ्चालक समितिको अध्यक्ष रहनु भएको थियो ।

## सञ्चालकमा निरौला नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा अर्थमन्त्रालयका सहसचिव लक्ष्मी प्रसाद निरौला नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रिस्तर)को मिति २०७९ फागुन १० गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को (ख) वमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी निरौलालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा थापा नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक दिपक थापा नियुक्त हुनु भएको छ ।

नेपाल सरकार (माननीय अर्थमन्त्रिस्तर)को मिति २०७९ चैत २६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उफदफा (२) को ख बमोजिम नेपाल प्रहरीको तर्फबाट प्रतिनिधित्व हुने गरी थापालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## नयाँ संगठन संरचना र दरबन्दी लागू

कोषमा नयाँ संगठन संरचना र दरबन्दी लागू गरिएको छ । यस अघि २०७५ साल फागुन १ देखि लागू भएको संगठन संरचना र दरबन्दीलाई परिमार्जन गरी कोष सञ्चालक समितिको २०७९ चैत्र १४ को निर्णयबाट नयाँ संगठन संरचना र दरबन्दी स्वीकृत भई सोही मितिदेखि लागू भएको छ । जसअन्तर्गत अब कोषमा कूल ५०० जना कर्मचारी रहने छन् । यस अघि कुल ५१५ जना कर्मचारीको दरबन्दी रहेको थियो । साथै साविकका विभागहरु भवन तथा आवास व्यवस्थापन विभागलाई सम्पत्ति व्यवस्थापन विभाग नामाकरण गरिएको छ भने मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागलाई मानव संसाधन व्यवस्थापन विभाग कायम गरिएको छ । साविकको मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग अन्तर्गत रहेको सामान्य सेवा महाशाखालाई सम्पत्ति व्यवस्थापन विभाग अन्तर्गत रहने गरी विभागीय संरचना कायम गरिएको छ ।


## सम्पति व्यवस्थापन विभाग प्रमुखमा गौतम



सम्पति व्यवस्थापन विभागको विभागीय प्रमुखमा शान्ता गौतम नियुक्त हुनु भएको छ । उहाँलाई कोषको मुख्य प्रबन्धकमा कायम मुकायम मुकरर गरिएको छ । यस भन्दा पहिले गौतम सम्पति व्यवस्थापन विभागमै वरिष्ठ प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

## KYC अद्यावधिकीकरण

KYC अद्यावधिककार्यलाई अभियान कै रूपमा अघि बढाएको कोषले २०७९ साउनदेखि चैत मसान्तसम्म ६२ हजार ६ सय ६८ जनाको KYC अद्यावधिकगरिएको छ । त्यसैसँगै हालसम्म ६ लाख ८० हजार बढी सञ्चयकर्ताको Individual KYC Update भैसकेको छ । त्यसैगरी यो आर्थिक वर्षको ९ महिनाको अवधिमा १० हजार १ सय ६६ वटा Office KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यो सँगै तेस्रो त्रैमासिकसम्ममा २० हजार बढी कार्यालयको Office KYC अपडेट गर्ने कार्य सम्पन्नगरिएको छ ।





## दुई सेवा केन्द्र थप गर्ने योजना

कोषले सेवा प्रवाहको क्षेत्र विस्तार गर्ने क्रममा दुई सेवा केन्द्र थपेको छ । यसरी थपिएका सेवा केन्द्रमा दाङको तुलसीपुर र झापाको बिर्तामोड रहेका छन् । यससँगै कोषका सेवा केन्द्रको संख्या ५ पुगेको छ । थपिएका सेवा केन्द्रमा सात सात जना कर्मचारीको दरबन्दी कायम गरिएको छ । ती सेवा केन्द्र कोषको आगामी वार्षिकोत्सव देखि पूर्णरूपमा सञ्चालनमा आउने भएका छन् ।

## कोषको मुनाफा साढे ५ अर्ब बढी

कोषले आ.व. २०७८/७९ मा साढे ५ अर्ब बढी मुनाफा कमाउन सफलभएको छ । कोषले ५ अर्ब ५८ करोड १७लाख रूपैयाँ नाफा कमाएको थियो । सो मध्ये ४ अर्ब ६० करोड ४६ लाख रूपैयाँ सञ्चयकर्तालाई वितरण गरिएको छ । कोषले आ.व. २०७७/७८ मा रू. ३ अर्ब ९३ करोड ४६ लाख नाफा गरेको थियो ।




## मुनाफा रकम वितरण

कोषले आर्थिक वर्ष २०७८/७९ को मुनाफा रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७८/७९ को शुरु सञ्चय कोष मौज्दातमा १.२० प्रतिशत रकम मुनाफाको रूपमा वितरण गरिएको हो । यो मुनाफा रकम विगत १० वर्ष यता कै सबैभन्दा बढी रकम वितरण गरेको हो ।




# अन्तरक्रिया कार्यक्रम सम्पन्न



सेवा प्रबर्द्धन महाशाखाले विभिन्न स्थानमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ । प्रहरी अस्पताल महाराजगंजमा फागुन २ गते अन्तरक्रिया कार्यक्रम  सम्पन्न भयो । त्यसै गरी फागुन ८ गते जिल्ला प्रशासन कार्यालय  कास्कीमा पनि अन्तरक्रिया कार्यक्रम गरियो । फागुन १४ मा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा, त्यसैगरी फागुन २१ गते राष्ट्रिय सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठान, मातातिर्थ, फागुन १७ मा सैनिक आर्थिक प्रशासन निर्देशनालय जंगी अड्डाको समन्वयमा श्री जंगी असवाव खाना, छाउनी सि. स. २९ लेखा तथा जिन्सी श्रेस्ता तालिमका शिक्षार्थीहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

## १८ हजार बढी सञ्चयकर्ता लाभान्वित



कोषले आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिकसम्म सञ्चयकर्तालाई सामाजिक सुरक्षा बापत करिब २९ करोड बढी रकम प्रदान गरेको छ । सुत्केरी तथा शिशु स्याहारमा १६,१०५ सञ्चयकर्तालाई रू. १२ करोड १ लाख बढी, काजकिरिया अनुदानस्वरूप ६७१ आश्रित परिवारलाई रू. २ करोड ६८ लाख र दुर्घटना क्षतिपूर्ति अन्तर्गत १४९ जना सञ्चयकर्तालाई रू. २ करोड ९८ लाख  रकम वितरण गरिएको छ । त्यस्तै सञ्चयकर्ता स्वास्थोपचार सुविधा वापत १७१९  जना सञ्चयकर्तालाई करिब ११ करोड ३२ लाख प्रदान गरिएको छ ।

## निवृत्तभरण योजनामा ६१ हजार बढी कर्मचारी आबद्ध




कोषमा हालसम्म ६१ हजार जना कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेबारी पाएसँगै २०७६ साउन महिनाबाट रकम जम्मा हुन शुरू गरेको कोषमा हालसम्म २९७०.वटा कार्यालयबाट योगदान रकम स्वरूप १ अर्ब ९० करोड भन्दा बढी रकम संकलन भैसकेको छ ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न



जिल्ला प्रशासन कार्यालय पाल्पा र तानसेन नगरपालिकाको सहयोग र समन्वय समिति २०७९ फागुन १० गते तानसेन नगरपालिकाको सभा हलमा कर्मचारी सञ्चय कोष शाखा कार्यालय बुटवलले सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गऱ्यो । सो अवसरमा कोष, सेवा प्रबर्द्धन महाशाखा प्रमुख दिलिप राज पौडेलले कोषले प्रदान गर्ने सेवा सुविधाबारे उपस्थित करिब ४०० जना सञ्चयकर्तालाई जानकारी प्रदान गर्नु भएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्त, कोष तथा लेखा नियन्त्रण कार्यालय पाल्पाका प्रमुख सशेन्द्र खनाल, जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरु र अन्य उच्च पदस्थ व्यक्तित्वहरुको पनि उपस्थिति रहेको थियो ।

## डिजिटल फाँटबारीमा बढोत्तरी




कोषले अभियान कै रूपमा शुरु गरेको डिजिटल फाँटबारी सफलता उन्मुख छ । गत आ.व. मा CGAS मार्फत ५४.५७ आएको थियो भने म्यानुअल ४५.४३ प्रतिशत प्राप्त भएको थियो । तर यस पटक CGAS मार्फत ५३.६९ प्रतिशत, डिजिटल मार्फत ३९.४० प्रतिशत फाँटबारी प्राप्त भएको छ । म्यानुअलबाट जम्मा ६.९१ प्रतिशत मात्र प्राप्त हुने गरेको छ ।

## कोषको क्यालेण्डर प्रकाशित




कोषले नयाँ बर्ष २०८० को लागि नयाँ भित्ते एवं टेबल क्यालेण्डर प्रकाशन गरेको छ । विभिन्न प्राकृतिक, धार्मिक, सांस्कृतिक महत्व बोकेका आकर्षक १३ वटा फोटोले क्यालेण्डर सजिएको छ । क्यालेण्डरमा कोषले प्रदान गरिरहेका सेवा सुविधाका बारेमा पनि जानकारी राखिएको छ ।

# २०८० सालको सार्वजनिक बिदाको सूची

१. वर्षभरिका सबै शनिवार विदा ।

२. पर्व बिदाहरू :

२.१ मुलुकभरि सार्वजनिक बिदा हुने पर्वहरू :-

(क) नव वर्ष - वैशाख १ गते शुक्रबार ।

(ख) राई, लिम्बू, याक्खा, सुनुवार, लगायतका किराँत समुदायको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाखपूर्णिमा) - वैशाख २२ गते शुक्रबार ।

(ग) रक्षाबन्धन - भदौ १४ गते विहिबार ।

(घ) श्रीकृष्ण जन्माष्टमी - भदौ २० गते वुधबार ।

(ङ) घटस्थापना - असोज २८ गते आइतबार ।

(च) छठ पर्व - मंसिर ३ गते आइतबार ।

(छ) किराँत समुदायको उधौली पर्व, योमरी पुन्हि-ज्यापू दिवस (धान्य पूर्णिमा) - पोष १० गते मङ्गलबार ।

(ज) इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५) - पुस ९ गते सोमबार ।

(झ) तमु ल्होसार - पुस १५ गते आइतबार ।

(ञ) माघी पर्व/माघेसङ्क्रान्ति - माघ १ गते सोमबार ।

(ट) सोनम ल्होसार - माघ २७ गते शनिबार ।

(ठ) महाशिवरात्री - फागुन २५ गते शुक्रबार ।

(ड) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्पो ल्होसार - फागुन २८ गते सोमबार ।

(ढ) इस्लाम धर्मावलम्बीहरूको पर्व बकर ईद (ईद उल अजहा) का दिन ।

(ण) इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद उल फित्र) का दिन ।

(त) फागुपूर्णिमा (काठमाण्डौ उपत्यका, धनकुटा, पोखरा, हेटौडा र सुर्खेत कार्यालयलाई) चैत्र ११ गते आइतबार र धनगढी, कोहलपुर, बुटवल, जनकपुर र विराटनगर शाखा कार्यालयहरूलाई चैत्र १२ गते सोमबार )

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरू:-

(क) गाईजात्रा - भदौ १४ गते विहिबार (देशभरका नेवार समुदायका लागि मात्र) ।

(ख) गौरा पर्व - भदौ ७ गते विहिबार ।

(ग) सिरूवा पावनीको दिन - सो पर्व मनाउने झापा, मोरङ्, सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

३. महिला कर्मचारीहरूको लागि मात्र :

(क) हरितालिका(तीज) व्रत - असोज १ गते सोमबार ।

(ख) जितिया पर्व - असोज २० गते शनिबार (जितिया पर्व मनाउने महिला कर्मचारीको लागि) ।

४. जात्रा बिदा (काठमाण्डौ उपत्यकालाई मात्र) :

(क) गाईजात्रा - भदौ १४ गत विहिबार ।

(ख) इन्द्रजात्रा - असोज ११ गते विहिबार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

(घ) घोडेजात्रा - चैत २६ गते सोमवार ।

५. दशै बिदा :

कार्तिक ४ गते शनिबार देखि कार्तिक ९ गते विहिवार सम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

६. तिहार बिदा (कात्तिक २६ गते आइतबार देखि कार्तिक ३० गते विहिबारसम्म):-

(क) लक्ष्मीपूजा - कात्तिक २६ गते आइतबार।

(ख) म्हपूजा, नेपाल संवत् प्रारम्भ, गोबर्द्धनपूजा - कात्तिक २८ गते मङ्गलबार ।

(ग) भाइटीका/किजापूजा - कात्तिक २९गते वुधबार ।

७. दिवस बिदा :

७.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक दिवस बिदाहरू:

(क) विश्व मजदुर दिवस-(मे १) वैशाख १८ गते सोमबार ।

(ख) गणतन्त्र दिवस - जेठ १५ गते सोमबार ।

(ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते बुधबार ।

(घ) जनयुद्ध दिवस - फाल्गुन १ गते मङ्गलबार ।

(ङ.) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते सोमबार ।

(च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २५गते शुक्रबार ।

७.२ अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्र:

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १७ गते आइतबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्गता भएका कर्मचारीको लागि मात्र) ।

८. जन्म जयन्ती बिदा :

८.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक जयन्ती बिदा:-

बुद्ध जयन्ती - वैशाख २२ गते शुक्रबार ।

८.२ पृथ्वी जयन्ती ( राष्ट्रिय एकता दिवस) -पुस २७ गते शुक्रबार ।

८.३ सम्बन्धित धर्मावलम्बीहरूका लागि मात्र:-

(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते शनिबार (किराँत धर्मावलम्बी) ।

(ख) गुरू नानक जयन्ती - मंसिर ११ गते सोमबार (नेपाली सिख धर्मावलम्बी) ।

(ग) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लीम धर्मावलम्वीहरूको लागि)

९. कार्यालय हाजिर हुने र छुट्ने समय :

(क) २०८० बैशाख १ गतेदेखि २०८० कात्तिक १५ गते सम्म तथा २०८० माघ १६ गते देखि २०८० चैत्र मसान्त सम्म बिहान १०:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म र २०८० कात्तिक १६ गते देखि २०८० माघ १५ गतेसम्म बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजेसम्म ।

(ख) प्रत्येक शुक्रबार बिहान १०:०० बजे देखि अपरान्ह १:३० बजे सम्म ।

१०. नेपाल सरकारले नेपाल राज्यभर आकस्मिक रूपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा बिदा हुनेछ ।

११. सम्बन्धित प्रदेश सरकारले प्रदेशस्तरमा घोषणा गरेको बिदा सोही प्रदेशमा रहेको कोषको शाखा कार्यालयको हकमा मात्र लागू हुनेछ ।

१२. २०८० भाद्र ३१ गते कोषको वार्षिकोत्सव पर्ने भएकोले सो दिन कोषको बाह्य कारोबार बन्द हुने ।

द्रष्टव्य :

कार्यालय समयको १:३० बजे देखि २:०० बजेसम्म खाजा खाने समय कायम गर्ने ।

# शाखा गतिविधि

## शाखा कार्यालय पोखरा

### KYC अद्यावधिक

शाखा कार्यालय पोखराले विभिन्न जिल्लामा Onsite KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको छ । यसै सिलसिलामा मिति २०७९ माघ ४ र ५ गते पश्चिम पृतना तालिम शिक्षा केन्द्र तनहुँ खैरेनीटार र फुलबारी व्यारेक पोखरामा २१० जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरेको छ । त्यसैगरी मिति २०७९ माघ २४ र २५ मा रूरू भैरव दल गण तनहुँमा ११० जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ ।




मिति २०७९ माघ २२ मा विजयपुर व्यारेक पोखरामा करिब ११० जनाको KYC अद्यावधिक गरिएको छ भने मिति २०७९ माघ २९ गते चन्डी प्रसाद गण लमजुङमा करिब ११५ जनाको KYC अद्यावधिक गरिएको छ ।



### दायरा विस्तार अध्ययन

शाखा कार्यालय पोखराले सञ्चयकर्ता सापटीको दायरा विस्तार गर्ने तयारी गरेको छ । यसै क्रममा २०७९ फाल्गुण ४ देखि ६ सम्म घर सापटी क्षेत्र विस्तार एव पुनरावलोकनको लागि स्याङ्जा जिल्लाको चापाकोट र वालिङ नगरपालिकाका विभिन्न क्षेत्रहरूमा अध्ययन सम्पन्न गरिएको छ ।

### सञ्चयकर्ता अन्तरक्रिया तथा प्रचारप्रसार

शाखा कार्यालय पोखराले फाल्गुण ८ गते सञ्चयकर्ता अन्तरक्रिया तथा प्रचारप्रसार कार्यक्रम सम्पन्न गरेको छ । जिल्ला प्रशासन कार्यालय कास्कीको सभाहलमा कोषसँग सम्बन्धित सञ्चयकर्ता कार्यालय प्रमुख र लेखा अधिकृतको उपस्थितिमा कोषबाट प्रवाह भएका सेवा सुविधा र Digital Card वितरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

**विविध**

मिति २०७९ माघ ९ गते नयाँबजारस्थित कोषको भवनसँगै रहेको बाटो पोखरा महानगरपालिका ९ र जनसहभागितामा बाटो निमार्ण कार्यको शिलन्यास भएको र कोषको तर्फबाट मिति २०७९ चैत्र १६ गते रू २ लाख ३ हजार ७ सय ८७ रूपैयाँ सहयोग गरिएको छ ।

मिति २०७९ फाल्गुण १७ गते पृथ्वीचोकस्थित नगर विकास कम्पनीको जग्गा खरिद स्वीकृत भएको छ ।

## शाखा कार्यालय सुर्खेत

### विविध जानकारी प्रदान



शाखा कार्यालय सुर्खेतले मिति २०७९ माघ २१ गते शाखा कार्यालय सुर्खेतले जुम्ला जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कोषले सञ्चयकर्तालाई दिदै आएका सेवा सुविधाहरू लगायत कोषको गतिविधिहरूको सम्बन्धमा जानकारी गराउने उद्देश्यले चन्दननाथ-३, जुम्लामा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

## KYC अद्यावधिक प्राथमिकतामा

शाखा कार्यालयले KYC अद्यावधिक कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ । यसका लागि शाखाका कर्मचारीले समय मिलाएर सञ्चयकर्ता कार्यस्थलमा पुगी अद्यावधिक गर्ने कार्य गरेका छने । यसै सिलसिलामा मिति २०७९ माघ २१ गते नं २४ बाहिनी अड्डा, जुम्लामा ६६ जना नेपाली सैनिक सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक सहित अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । त्यस्तै मिति २०७९ माघ २४ गते नयाँ सबुज गण, कपासे, सुर्खेतमा ९४ जना नेपाली सैनिक सञ्चयकर्ताहरूको Onsite KYC अद्यावधिक गरिएको




थियो । उक्त कार्याक्रममा कोषबाट प्रवाह हुने सेवा तथा कोषले सञ्चयकर्ताहरूलाई उपलब्ध गराउँदै आएका सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी छलफल कार्यक्रम समेत गरिएको थियो ।

# शाखा कार्यालय बुटवल

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय बुटवलले अन्तरकिया कार्यक्रम सम्पन्न गरेको छ । अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकामा योगदानमा आधारित पेन्सन, डिजिटल फाँटवारी प्रविष्टि तथा सञ्चयकोषको सेवा प्रवाह सम्वन्धमा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । सञ्चयकोष सम्बद्ध सञ्चयकर्ताको व्यक्तिगत खातामा लेखांकनको कार्यलाई छिटो, छरितो, शुद्ध र प्रभावकारी



वनाउन सञ्चयकर्ता कार्यलयवाट तयार गरिने म्यानुअल फाँटवारीलाई कम्प्युटर प्रणालीमा आधारित डिजिटल फाँटवारीमा प्रतिस्थापन गरी पुर्ण रूपमा कागज रहित कारोबार गर्ने कोषको नीति अनुरूप सो अन्तरकिया गरिएको थियो ।

शाखा कार्यालय प्रमुख अर्जुन प्रसाद उपाध्याय र प्रमुख सहायक कृष्ण प्रसाद पोखरेल तथा पुजा पौड्यालले अन्तरक्रिया कार्यक्रमा सहजीकरण गर्नु भएको थियो । अन्तक्रिया कार्यक्रममा विभिन्न विद्यालयका प्रध्यानाध्यापक, शिक्षक तथा विद्यालय सम्बद्ध लेखा कर्मचारी र नगरपालिकाबाट ६० जना सञ्चयकर्ताको उपस्थिति रहेको थियो । सञ्चयकोषको सेवा प्रवाह सम्वन्धमा अन्तरक्रिया कार्यक्रममा स्वागत सन्धिखर्क नगरपालिकाका शिक्षा शाखा प्रमुख मञ्जु आचार्य र जिल्ला अदालत अर्घाखाँचीका उप-सचिव महेश खनालले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

शाखा कार्यालय सुर्खेतले मिति २०७९ माघ २१ गते शाखा कार्यालय सुर्खेतले जुम्ला जिल्लामा अन्तरकिया कार्यकम सम्पन्न गरेको छ । कोषले सञ्चयकर्तालाई दिदै आएका सेवा सुविधाहरू लगायत कोषको गतिविधिहरूको सम्बन्धमा जानकारी गराउने उद्देश्यले चन्दननाथ-३, जुम्लामा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

शाखा कार्यालय सुर्खेतका प्रमुख सहायक श्री रूपराज शर्मा उद्घोषक रहनु भएको उक्त कार्यक्रममा कोषका उप-प्रवन्धक बालकृष्ण अर्यालले सञ्चयकर्ताहरूका लागि कोषले उपलब्ध गराउँदै आएको वित्तीय सेवा सुविधा एवं सामाजिक सुरक्षा सुविधा, योगदानमा आधारित निवृत्तभरण कार्यक्रमका सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्नु भएको थियो । सो अवसरमा कोषका सहायक प्रबन्धक श्री भगवान दाहालले अनलाइन सापटी, अनलाइन सापटी फिर्ता, कोषको आइपोर्टल, मोवाइल एप्लिकेसन लगायत आइटीसँग सम्बन्धित विविध कुरामा प्रष्ट पार्नु भएको थियो ।

सो अवसरमा सहभागीबाट सोधिएका जिज्ञासाको समाधान पनि गरिएको थियो । जुम्लाजस्तो विकट क्षेत्रमा अभिमुखीकरण एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएकोमा सहभागीले खुशी व्यक्त गरेका थिए । त्यस कार्यक्रमबाट सकारात्मक सन्देश प्रवाह भएको र समय समयमा कोषले यस प्रकारका कार्यकम गर्दै जानु पर्ने सहभागीको प्रतिकिया थियो ।

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

**क)** **संख्यात्मक विवरण**:

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ५५ हजार | २६ हजार २ सय |
| निवृत्तभरण कोष | ४५ हजार ९ सय | १ हजार ९ सय ७५ |

**ख)** **कोषका कार्यालयहरू**:

- केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर
- ठमेल कार्यालयः त्रिदेवी मार्ग, ठमेल
- लगनखेल कार्यालयः लगनखेल
- शाखा कार्यालयहरूः विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरूः धनकुटा, सिंहदरवार र लगनखेल

**ग)** **सञ्चयकर्तालाई उपलब्ध सेवाहरू**:

- **ब्याज तथा मुनाफाः** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदरः ८.०० प्रतिशत, सञ्चय कोषमा मुनाफाः १.२० प्रतिशत (आ.व. २०७८/७९ को शुरु सञ्चय कोष मौज्दातमा)

- **सापटी सुविधा तथा ब्याजदरः**

| विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | घर मर्मतसापटी | सरलचक्र कर्जा | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|
| सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू. १ करोडसम्म | रू.१० लाख देखि रू. २५ लाखसम्म | अधिकतम रू. २५ लाखसम्म | अधिकतम रू. ३० लाखसम्म | अधिकतम १० वर्षको तलवमान बराबर |
| ९.१० प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत | १०.२५ प्रतिशत |

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु १ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू. १० लाखसम्म सोधभर्ना प्रदान गरिने ।

- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरूः**
  - सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसूति रू. ७,५००,
  - दुर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रू. २ लाख,
  - काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरूप रू. ४० हजार प्रदान गरिने ।

** २०७९।०३।३१ को वित्तीय अवस्था अनुसार*

सम्पादन तथा प्रकाशन :

**कर्मचारी सञ्चय कोष,**

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

website : www.epf.org.np, email: planning@epf.org.np